निबन्ध प्रतियोगिता

शिर्षक:
विद्यार्थिहरुमा सामाजिक संजालका सकारात्मक र नकारात्मक प्रभावहरु

नाम :- अर्जुन रोका
ठेगाना :- पुथा उत्तरगंगा गा.पा. -०१ खारावाङ
तह :- BBS प्रथम वर्ष
क्याम्पस :- रुकुमेली क्याम्पस
मिति :- २०८२/०१/२५ गते

→ सामाजिक सञ्जाल भन्नाले सुचनका माध्यमहरु ~~अस्तै~~: फेसबुक, युट्युब, टिकटक, इन्स्टाग्राम आदीलाई ~~बै~~ हुन,। आजको आधुनिक युगमा सामाजिक सञ्जाल विद्यार्थिह जिवनको लागि अभिन्न अंग जस्तै बनेको छ। सामाजिक सञ्जालका धेरै नै सकारात्मक पक्षहरु भएता पनि यसको दुरुपयोगका कारण यसका त्यति नै नकारात्मक पक्षहरु रहेका छन,।

सामाजिक सञ्जालको सबै भन्दा ठुलो सकारात्मक प्रभाव भनेको ज्ञान र सुचनाको सहज पहुँच हुनु हो। विद्यार्थिहरुले इन्टरनेटको माध्यमबाट शैक्षिक सामाग्रि, अनलाईन कक्षा, र नोट्स अर्थात अनुसन्धान सम्वान्धि सम्पूर्ण जानकारीहरु सजिलै प्राप्त गर्न सक्छन,। यसैगरी सामाजिक सञ्जालले विद्यार्थिहरुको-

अध्ययन अध्यापनलाई सरल र सहज बनाएको छ। सामाजिक सञ्जालले विद्यार्थीहरू बिच आपसी सम्पर्क, विचार आदान प्रदान, र सहकार्यको वातावरण सिर्जना गरेको छ। सामाजिक सञ्जालले ~~कथम~~ टाढा - टाढा रहेका साथिहरु, आफन्तहरु र शिक्षकहरू संग सजिलै सम्पर्क गर्न सकिने सुविधा हुनु यसको उदाहरण हो। यसले विद्यार्थीहरूको प्रतिभाहरूलाई सिर्जना गर्न मद्दत गर्दछ। विद्यार्थीहरूले आफुमा भएको कलाहरु जस्तै: गायन, चित्रकला, नृत्य र भाषण ~~जस्ता~~ आदीलाई विश्व सामु प्रस्तुत गर्न सक्ने अवसर दिएको छ। यसले व्यक्तिको आत्म विश्वासमा ~~वृद्धि~~ सकारात्मक परिवर्तन ल्याउन सक्छ र नयाँ नयाँ अवसरहरूको ढोका खोल्दछ।

सामाजिक सञ्जालका ~~थ~~ थुप्रै नै सकारात्मक प्रभावहरु भएता पनि यसको दुरुपयोगका कारणले धेरै नै नकारात्मक प्रभाव देख्न परेको छ। विद्यार्थीहरूले समयको ~~दुरुपयोग~~ सदुपयोग गर्न नसकि धेरै समय सम्म सामाजिक सञ्जालमा आलिङ्गन थालेका छन्। यसले गर्दा विद्यार्थीहरूको अध्ययनमा ध्यान केन्द्रित गर्न नसक्ने, पढाई कमजोर बनाउने जस्ता समस्याहरु सिर्जना गर्दछ। अत्याधिक सामाजिक सञ्जालको प्रयोगले मानसिक तनाव, चिन्ता, एक्लोपन र समयको व्यवस्थापन गर्न ~~सक~~ -

नसक्दा अन्य समस्याहरु देखा पर्दछन्, र पारिवारिक सम्बन्ध बिच दुरि ल्याउन सक्छ।

सामाजिक सञ्जाल यसरी हेर्दा न त आफैमा न त राम्रो हो, न त खराब। त्यसैले सामाजिक सञ्जालको सदुपयोगले विद्यार्थीहरुको व्यक्तित्व निर्माणमा ठुलो योगदान पुर्‍याएको छ। र यसको दुरुपयोगले त्यति नै गहिरो नकारात्मक प्रभाव पारेको देखिन्छ। त्यसैले यसको सदुपयोग गरी निश्चित उद्देश्यका साथ प्रयोग गर्नु आवश्यक छ।